चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका


# स्थानीय राजपत्र

खण्डः ०३ | संख्याः ०४ | मितिः माघ २ गते, २०७७


## भाग-२

## चन्द्रागिरि नगरपालिका

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।**

### आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण कार्यविधि, २०७७

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड "ज" को उपखण्ड (१४) बमोजिम स्थानीय तहबाट सञ्चालन तथा व्यवस्थापन हुने आधार भूत तह कक्षा आठको अन्त्यमा हुने परीक्षाको सञ्चालन, व्यवस्थापन, स्तरीयता र प्रमाणीकरण गर्न वाञ्छनीय भएकोले, राष्ट्रिय परीक्षा बोर्डको मापदण्ड र चन्द्रागिरि नगर शिक्षा ऐन, २०७५ को दफा १४ को कार्यान्वयनका लागि चन्द्रागिरि नगर शिक्षा ऐन २०७५ को दफा ४९ को अधिकार प्रयोग गरी चन्द्रागिरि नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन, व्यवस्थापन तथा प्रमाणीकरण सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अडिट" भन्नाले पाठ्यक्रमले निर्धारण गरे बमोजिम आधारभूत तह कक्षा आठको प्रयोगात्मक परीक्षाको मापन तथा मूल्याङ्कन प्रक्रियाको सत्यापन कार्य सम्झनु पर्छ ।

(ख) "परीक्षा" भन्नाले आधारभूत तह कक्षा आठको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(ग) "परीक्षा समिति" भन्नाले दफा ३ बमोजिमको परीक्षा समिति सम्झनु पर्छ ।

(घ) "प्रमाणपत्र" भन्नाले परीक्षा समितिबाट उपलब्ध गराइने ग्रेड सिट र प्रमाणपत्र सम्झनु पर्छ ।

(ङ) "स्थानीय तह" भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झनु पर्छ ।

(च) "नगर शिक्षा प्रमुख" भन्नाले स्थानीय तहको शिक्षा हेर्ने शाखाको प्रमुख सम्झनु पर्छ ।

## परिच्छेद–२
## परीक्षा समितिसम्बन्धी व्यवस्था

३. **परीक्षा समितिः**

(१) कक्षा ३, ५ र ८ को परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा

प्रकाशन तथा अभिलेख व्यवस्थापन गर्न तथा कक्षा १०, ११ र १२ को परीक्षाको समन्वय गर्न नगरपालिकामा देहायबमोजिमको एक आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति गठन गरिने छः

क) नगर शिक्षा प्रमुख - अध्यक्ष

ख) पाठ्यक्रम तथा मूल्याङ्कन विद्‌मध्येबाट नगरपालिकाले मनोनित गरेको एक जना - सदस्य

ग) नगरपालिकाभित्रका सामुदायिक विद्यालयका प्र.अ.हरुमध्ये अध्यक्षले मनोनित गरेका १ जना महिलासमेत दुईजना - सदस्य

घ) नगरपालिकाभित्रका संस्थागत विद्यालयका प्रिन्सिपलमध्ये अध्यक्षले मनोनित गरेका १ जना महिलासमेत दुईजना - सदस्य

ङ) नगरपालिकाको शिक्षा हेर्ने अधिकृत कर्मचारी - सदस्यसचिव

(२) मनोनित सदस्यहरुको पदावधि तिन वर्षको हुनेछ ।मनोनित सदस्यहरुले परीक्षाको मर्यादाविपरित कार्य गरेको देखिएमा मनोनितकर्ताबाट जुनसुकै समयमा सदस्य पदबाट हटाउन सकिनेछ ।

(३) समितिले सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**४. परीक्षा समितिको काम, कर्तव्य र अधिकारः**

(१) परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयस्तरीय पाठ्यक्रम र परीक्षा सम्बन्धी राष्ट्रिय नीतिको अधीनमा रही परीक्षासम्बन्धी नीति निर्धारण गर्ने,

(ख) विद्यालय संख्या, विद्यार्थी संख्याका आधारमा परीक्षा केन्द्रसमेत निर्धारण गर्नु पर्ने भएमा आवश्यक व्यवस्थापन गर्ने, गराउने,

(ग) परीक्षा सञ्चालन, व्यवस्थापन, नियमन र अनुगमन गर्ने, गराउने,

(घ) परीक्षाको बैधता, विश्वसनीयता र गोपनीयता कायम रहने गरी प्रश्नपत्र निर्माण, छपाई तथा वितरण गर्ने, गराउने,

(ङ) शान्तिपूर्ण र मर्यादित रूपले परीक्षा सञ्चालन गर्ने, गराउने,

(च) परीक्षामा संलग्न जनशक्ति तथा परीक्षार्थीहरुका लागि आचार संहिता बनाई कार्यान्वयन गर्ने, गराउने,

(छ) परीक्षाको मर्यादा विपरीत काम गर्ने शिक्षक, कर्मचारी तथा अन्य संलग्न व्यक्तिलाई आवश्यक कारवाहीका लागि लेखी पठाउने,

(ज) निष्पक्ष र विश्वसनीय तरिकाबाट उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण र पुनर्योग गर्ने, गराउने,

(झ) विपद् र विपद्जन्य कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न तथा परीक्षाफल प्रकाशन गर्न कुनै बाधा परेमा तुरुन्त आवश्यक निर्णय लिने,

(ञ) परीक्षाफल प्रकाशन गर्ने र प्रमाणपत्र वितरण गर्ने,

(ट) परीक्षा सम्बन्धी सम्पूर्ण अभिलेखहरू व्यवस्थित रुपमा अद्यावधिक गराउने र अभिलेख सुरक्षाको आवश्यक व्यवस्था गर्ने,

(ठ) परीक्षार्थीको परीक्षा आवेदन फारम भराउने र सो को अभिलेख राख्ने,

(ड) पाठ्यक्रमले निर्धारण गरेबमोजिम प्रयोगात्मक परीक्षा व्यवस्थापन गर्ने, गराउने,

(ढ) ग्रेड वृद्धि परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ण) परीक्षाफल विश्लेषण गरी गराई सुधारका थप उपायहरु अवलम्बन गर्ने, गराउने,

(त) प्रयोगात्मक परीक्षाको अडिट सम्बन्धी कार्य गर्ने, गराउने,

(थ) परीक्षाका उत्तरपुस्तिकाहरु नतिजा प्रकाशन भएको छ महिनापछि धुल्याउने व्यवस्था गर्ने, गराउने,

(द) परीक्षाको गोपनीयता कायम गर्ने, गराउने,

(ध) परीक्षा सम्बन्धी आवश्यक अन्य कार्यहरू गर्ने, गराउने ।

(२) समितिको बैठक र सेवा सुविधासम्बन्धी शर्तहरु प्रचलित कानूनको अधिनमा रही समिति आफैंले निर्धारण गर्नेछ ।

(३) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार उपसमिति वा कार्यटोली गठन गरी सो उपसमिति वा कार्यटोली वा कुनै अधिकारीलाई जिम्मा दिन सक्नेछ ।

## परिच्छेद–३
## प्रश्नपत्र निर्माण, परिमार्जन, छपाई र वितरण

५. **विषय विज्ञको सूची अद्यावधिक गर्ने:**

(१) विषयगत प्रश्नपत्र बैंक तयार गर्नका लागि परीक्षा समितिले स्थानीय तह अन्तर्गतका विद्यालयका शिक्षकहरूमध्येबाट सम्बन्धित विषयका विज्ञहरूको सूची तयार गरी समय समयमा अद्यावधिक गर्नु पर्नेछ ।

(२) स्थानीय तह क्षेत्रभित्र विज्ञ उपलब्ध हुन नसकेमा अन्य स्थानीय तहका विज्ञलाई समेत प्रश्न निर्माणमा लगाउन सकिनेछ ।

६. **प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्ने:**

(१) परीक्षा समितिले विज्ञहरूलाई विषयगत प्रश्नपत्रहरू निर्माण गर्न लगाउनेछ ।

(२) प्रश्नपत्र निर्माणकर्ताले प्रश्नपत्रसँगै उत्तरकुञ्जिका पनि तयार गर्नु पर्नेछ ।

(३) परीक्षा समितिले प्रश्नपत्रको स्तरीयता र समसामयिक सुधारका लागि प्रश्नपत्र निर्माण तथा परिमार्जन उपसमिति गठन गर्न सक्नेछ ।

(४) प्रश्नपत्र निर्माण तथा परिमार्जन उप-समितिमा रहने शिक्षक न्यूनतम शैक्षिक योग्यता हासिल गरी उपलब्ध भएसम्म सम्बन्धित तहमा कम्तीमा पाँच वर्षको शिक्षण अनुभव भएका हुनु पर्नेछ ।

(५) पाठ्यक्रमको विशिष्टीकरण तालिका अनुरूप सुनिश्चित गरी प्रश्नपत्रलाई अन्तिम रुप प्रदान गर्नु पर्नेछ ।

**७. प्रश्न बैंक सम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक विषयमा पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि सुनिश्चित हुने गरी विषय विज्ञद्धारा तर्जुमा गरिएका प्रश्नहरुलाई परिमार्जन गरी प्रश्न बैंक खडा गर्नु पर्नेछ ।

(२) पाठ्यक्रमको परिमार्जनसँगै प्रश्न बैंकको प्रश्नहरुलाई अद्यावधिक गर्नु पर्नेछ ।

(३) प्रश्न बैंकबाट प्रश्नपत्रहरु तयार गरी परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

तर प्रश्न बैंक तयार नहुँदासम्म विज्ञहरुबाट प्रश्नपत्र तयार गरी परीक्षा सञ्चालन गर्न सकिनेछ ।

**८. प्रश्नपत्र छपाई तथा वितरणः**

(१) दफा ७ को उपदफा (३) बमोजिम तयार भएका पश्नपत्रलाई परीक्षा समितिले आवश्यक सङ्ख्यामा छपाई गरी समयमा विद्यालय वा परीक्षा केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

(२) परीक्षा केन्द्रमा प्रश्नपत्रको सुरक्षा र गोपनीयता कायम गर्ने जिम्मेवारी प्रधानाध्यापक वा केन्द्राध्यक्षको हुनेछ ।

## परिच्छेद–४
## परीक्षा सम्बन्धी व्यवस्था

**९. परीक्षा आवेदन फारम भर्नु पर्नेः**

(१) कक्षा आठमा अध्ययनरत विद्यार्थीले परीक्षामा सम्मिलित हुनका लागि अनुसूची-१ बमोजिमको ढाँचामा परीक्षा आवेदन फारम भर्नु पर्नेछ ।

(२) परीक्षा आवेदन फारम भर्दा नाम, थर, जन्ममिति, विषय, आमा बुवाको नाम लगायतका विवरण फरक नपर्ने गरी भर्नु पर्नेछ । परीक्षार्थीले परीक्षा फारममा आफ्नो अनुहार स्पष्ट देखिने गरी हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँस्नु पर्नेछ ।

(३) विद्यार्थीले नियमित अध्ययन गरिरहेको विद्यालयबाट परीक्षा आवेदन फारम भर्नु पर्नेछ । दोहोरो परीक्षा आवेदन फारम भरी परीक्षामा सहभागी भएको पाइएमा त्यस्तो विद्यार्थीको परीक्षा आवेदन फारम र परीक्षा स्वतः रद्द हुनेछ ।

(४) परीक्षा समितिले परीक्षा आवेदन रीतपूर्वक भए, नभएको हेरी परीक्षार्थीलाई प्रवेशपत्र दिनु पर्नेछ ।

१०. **परीक्षार्थीको किसिमः**

परीक्षामा सम्मिलित हुन सक्ने परीक्षार्थी देहाय बमोजिम हुनेछन्ः-

(क) नियमित परीक्षार्थी,

(ख) ग्रेड वृद्धि परीक्षार्थी ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि,-

(१) "नियमित परीक्षार्थी" भन्नाले अनुमति वा स्वीकृति प्राप्त विद्यालयको कक्षा आठमा नियमित, खुला तथा वैकल्पिक विद्यालयमा अध्ययनरत भई परीक्षामा सम्मिलित हुनका लागि निर्धारण गरिएका शर्तहरू पूरा गरी परीक्षा आवेदन फारम भरेको विद्यार्थी सम्झनु पर्छ ।

(२) "ग्रेड वृद्धि परीक्षार्थी" भन्नाले ग्रेड वृद्धि परीक्षा दिनको लागि आवेदन फारम भरेका परीक्षार्थी सम्झनु पर्छ ।

११. **प्रवेशपत्र बिना परीक्षा दिन नपाउनेः**

(१) परीक्षा समितिले जारी गरेको परीक्षा प्रवेशपत्र बिना कुनै पनि परीक्षार्थीले परीक्षा दिन पाउने छैन ।

(२) प्रत्येक परीक्षार्थीले परीक्षा अवधिभर प्रवेशपत्र आफ्नो साथमा राख्नु पर्नेछ।

(३) परीक्षार्थीले प्रवेशपत्रमा उल्लेख भएका विषयमा मात्र परीक्षा दिन पाउनेछ।

१२. **परीक्षा सञ्चालनः**

(१) पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुको पठनपाठन सुनिश्चित हुने गरी प्रत्येक शैक्षिक सत्रको अन्त्यमा वार्षिक कार्यतालिका बमोजिम समय तालिका तोकी परीक्षा समितिले परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

(२) परीक्षा समितिले मर्यादित र व्यवस्थित रुपमा आफ्नो स्थानीय तहभित्र परीक्षा सञ्चालन तथा व्यवस्थापनको भरपर्दो व्यवस्था मिलाउनु पर्नेछ ।

**१३. परीक्षाको माध्यम भाषाः**

परीक्षा समितिले सञ्चालन गर्ने परीक्षामा भाषागत विषय बाहेक अन्य सम्पूर्ण विषयको परीक्षाको माध्यम शिक्षण गर्दाको माध्यम भाषा हुन सक्नेछ ।

## परिच्छेद–५

## नतिजा प्रकाशन, प्रमाणपत्र वितरण, पुनर्योग र पुनः परीक्षण

**१४. नतिजा प्रकाशनः**

(१) परीक्षा समितिले विषयगत शिक्षकबाट उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण कार्य गराउनेछ ।

(२) परीक्षण तथा सम्परीक्षणमा विश्वसनीयता र एकरुपता कायम गर्न उत्तर कुञ्जिका निर्माण गरी प्रयोगमा ल्याउनु पर्नेछ ।

(३) विद्यालय शिक्षामा अक्षराङ्कन पद्दति कार्यान्वयन कार्यविधि, २०७२ बमोजिम परीक्षाफल प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परीक्षाफल प्रकाशन पश्चात् नतिजा प्रमाणीकरण गरी राख्नु पर्नेछ ।

**१५. प्रमाणपत्र दिनु पर्नेः**

परीक्षा समितिले सबै विषयमा डि प्लस वा सो भन्दा बढी ग्रेड प्राप्त गरेको परीक्षार्थीलाई अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

**१६. पुनर्योगः**

(१) कुनै पनि परीक्षार्थीले प्रकाशित नतिजामा चित्त नबुझेमा नतिजा प्रकाशन भएको सात दिनभित्र अध्ययन गरेको विद्यालयमा पुनर्योगका लागि आवेदन गर्न सक्नेछ ।

(२) पुनर्योगका लागि दिएको आवेदन उपर छानविन गरी नतिजा प्रकाशन गर्न परीक्षा समितिले तीन सदस्यीय पुनर्योग उपसमिति गठन गर्नेछ ।

(३) पुनर्योगको आवेदनका लागि तोकेको अन्तिम मितिको पाँच दिनभित्र पुनर्योगको नतिजा प्रकाशन गर्नेछ ।

(४) कुनै परीक्षार्थीले पुनर्योगको नतिजामा चित्त नबुझी उत्तरपुस्तिका हेर्न चाहेमा हेर्न पाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) पुनर्योग गर्न तथा उत्तरपुस्तिका हेर्न चाहने परीक्षार्थीले परीक्षा समितिले तोके बमोजिमका शर्तहरु पूरा गर्नु पर्नेछ ।

१७. **पुनःपरीक्षणः**

(१) पूनर्योगका लागि आवेदन गरेका विद्यार्थीले उत्तरपुस्तिका हेर्दा समेत चित्त नबुझेमा परीक्षा समितिले तोकेको शर्त पूरा गरी उत्तरपुस्तिका पुनः परीक्षणको लागि आवेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः परीक्षणका लागि परेका आवेदन उपर परीक्षा समितिले सात दिनभित्र नतिजा दिनु पर्नेछ ।

(३) उत्तरपुस्तिका परीक्षण कार्यविधि परीक्षा समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–६
## विविध

१८. **विशेष परिस्थितिमा परीक्षा सञ्चालनः**

परीक्षा समितिले विपद् र विपद्जन्य कारणबाट कुनै परीक्षा केन्द्रमा परीक्षा सञ्चालन हुने अवस्था नदेखेमा परीक्षा स्थगित वा रद्द गरी पुनः परीक्षा लिन सक्नेछ ।

१९. **असमर्थ परीक्षार्थी सम्बन्धी व्यवस्थाः**

(१) दृष्टिविहीन वा हातले लेख्न असमर्थ परीक्षार्थीले तल्लो कक्षासम्म अध्ययन गरेको एक जना सहयोगी राख्न परीक्षा समितिले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षार्थीको लागि केन्द्राध्यक्षले छुट्ट परीक्षा कोठाको व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको परीक्षार्थीलाई निर्धारित समय अपुग हुने देखिएमा केन्द्राध्यक्षले अपाङ्गताको प्रकृति हेरी बढीमा थप एक घण्टा समय उपलब्ध गराउन सक्नेछ ।

२०. **स्तरीकृत परीक्षाः**

(१) कक्षा आठको अन्त्यमा हुने परीक्षालाई क्रमशः सबै विषयहरुमा स्तरीकृत परीक्षाका साधनद्वारा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) स्तरीकृत परीक्षालाई बैध, विश्वसनीय तथा प्रभावकारी बनाउन राष्ट्रिय परीक्षा बोर्डले प्राविधिक कार्यमा आवश्यक सहजीकरण गर्न सक्नेछ ।

२१. **ग्रेड वृद्धि परीक्षाः**

(१) परीक्षामा डी प्लस भन्दा कम ग्रेड प्राप्त गरेका विषयहरुमा सम्बन्धित परीक्षार्थीले ग्रेड वृद्धि गर्न चाहेमा परीक्षा समितिले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) ग्रेड बृद्धि परीक्षा नयाँ शैक्षिक सत्र शुरु भएको पन्ध्र दिनभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(३) ग्रेड वृद्धि परीक्षा सम्बन्धी अन्य व्यवस्था परीक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. **प्रयोगात्मक परीक्षाको अडिट गर्न सकिनेः**

(१) प्रयोगात्मक परीक्षाको लागि भार छुट्याइएका विषयहरुमा सम्बन्धित विषयको पाठ्यक्रम अनुरुप हुने गरी प्रयोगात्मक परीक्षा भए, नभएको र त्यस्तो परीक्षाका आधारमा मूल्याङ्कन गरे, नगरेको सम्बन्धमा परीक्षा समितिले अडिट गर्न वा गराउन सक्नेछ ।

(२) प्रयोगात्मक परीक्षाको अडिट सम्बन्धित विषयका शिक्षक वा विषय विज्ञबाट गराउनु पर्नेछ ।

२३. **विदेशमा सञ्चालित विद्यालयको सम्बन्धमा विशेष व्यवस्थाः**

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृति प्राप्त गरी नेपाली पाठ्यक्रम अनुसार विदेशमा सञ्चालित विद्यालयले विद्यार्थीलाई रजिष्ट्रेशन आवेदन फारम एवम् परीक्षा आवेदन फारम भर्ने भराउने, परीक्षा सञ्चालन गर्ने, गराउने र विद्यार्थीलाई उपलब्ध गराउने शैक्षिक योग्यताको प्रमाणपत्रको ढाँचा तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था राष्ट्रिय परीक्षा बोर्डको सिफारिसमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **बाझिएमा अमान्य हुनेः**

यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

अनुसूची-१
(दफा ९ को उपदफा (१)सँग सम्बन्धित)

संकेत नं.

चन्द्रागिरि नगरपालिका
बागमती प्रदेश, नेपाल

## परीक्षा समिति

आधारभूत तह (कक्षा ८) परीक्षा आवेदन फारम

वि.सं. २०.......................... (इ. सं. २०............................)

सिम्बोल नं. [ ]

श्री अध्यक्षज्यू
महोदय

परीक्षा समिति अन्तर्गत सञ्चालन हुने आधारभूत (कक्षा ८) परीक्षामा सम्मिलित हुन निम्नानुसारको विवरण पेश गरेको छु ।

१. विद्यालयको नाम, ठेगाना (देवनागरिमा): ...................................................................................
School's name and address: ......................................................................................................
२. विद्यालयको प्रकारः क) सामुदायिक [ ] ख) संस्थागत [ ]
३. विद्यार्थीको पूरा नाम, थर (देवनागरिमा): .......................................................................................
Name of the Student (In Block Letters): ....................................................................................
४. जन्ममितिः

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वि.सं. | | | | | | | | |
| इ.सं. | | | | | | | | |

५. लिङ्गः पुरुष [ ] महिला [ ] अन्य [ ]
६. परीक्षा दिने विषयहरुः

| क. सं. | विषय | क. सं. | विषय |
|---|---|---|---|
| १ | | ५ | |
| २ | | ६ | |
| ३ | | ७ | |
| ४ | | ८ | |

माथि उल्लेख सम्पूर्ण विवरणहरु ठिक साँचो हो ।

आवेदक विद्यार्थीको सहिः ..................................... मितिः ........................................

आवेदकले पेश गरेका सम्पूर्ण विवरण र कागजातहरु ठिक भएको प्रमाणित गरिन्छ ।

विद्यालयको छाप

दस्तखतः
नामथरः
पदः प्रधानाध्यापक

स्थानीय तहको छाप

दस्तखतः
नामथरः
पदः नगर शिक्षा प्रमुख

..........................................................................................................................................................................................

संकेत नं.

चन्द्रागिरि नगरपालिका
बागमती प्रदेश, नेपाल
परीक्षा समिति
आधारभूत तह (कक्षा ८) प्रवेश पत्र

वि.सं. २०..........(इ. सं. २०.........)

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

मुखाकृति नबिग्रने गरी प्रअ र विद्यार्थीको हस्ताक्षर

सिम्बोल नं. [ ]

परीक्षा केन्द्रको नामः......................................

१. विद्यालयको नाम, ठेगाना (देवनागरिमा): ...................................................................................
School's name and address: ......................................................................................................
२. विद्यालयको प्रकारः क) सामुदायिक [ ] ख) संस्थागत [ ]
३. विद्यार्थीको पूरा नाम, थर (देवनागरिमा): .......................................................................................
Name of the Student (In Block Letters): ....................................................................................
४. जन्ममितिः

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वि.सं. | | | | | | | | |
| इ.सं. | | | | | | | | |

५. परीक्षा दिने विषयहरुः

| क. सं. | विषय | क. सं. | विषय |
|---|---|---|---|
| १ | | ५ | |
| २ | | ६ | |
| ३ | | ७ | |
| ४ | | ८ | |

............................................
विद्यार्थीको हस्ताक्षर

............................................
नगरपालिका शिक्षा प्रमुख

अनुसूची -२

(दफा १५ सँग सम्बन्धित)

S.N.

चन्द्रगिरि नगरपालिका

वागमती प्रदेश, नेपाल

Chandragiri Municipality

Bagmati Province, Nepal

# परीक्षा समिति

# EXAMINATION COMMITTEE

# प्रमाणपत्र
# CERTIFICATE

श्री ............................................................................................................ ले ......................................
......................................................... बाट विक्रम सम्वत् ........................ को परीक्षा समितिद्वारा सञ्चालित आधारभूत तह (कक्षा ८) को परीक्षामा सहभागी भई ..........................औषत स्तरीकृत अंक प्राप्त गरेको प्रमाणित गरिन्छ ।

This is to certify that Mr./Ms. ........................................................................... of ...........................
..................................................... has completed Basic Level Examination (Grade VIII) conducted by Examination Committee in the year ...................................... A.D. with .......................... Grade Point Average (GPA).

.................................................

Date: Municipality Education Chief

अनुसूची -३

ग्रेडसिटको ढाँचा

Chandragiri Municipality

Bagmati Province, Nepal

EXAMINATION COMMITTEE

# GRADE SHEET

MARKS SECURED BY………………………………………… DATE OF BIRTH …………………………………… SYMBOL NO. …………………………… GRADE ………………………… SCHOOL ……………………………………………………….DISTRICT KATHMANDU PROVINCE BAGMATI IN THE ANNUAL BASIC EDUCATION EXAMINATION ………………….. ARE GIVEN BELOW:

| SERIAL NUMBER | SUBJECTS | CREDIT HOUR | OBTAINED GRADE | | FINAL GRADE | GRADE POINT | REMARKS |
|---|---|---|---|---|---|---|---|
| | | | TH | PR | | | |
| 1. | Nepali | | | | | | |
| 2. | English | | | | | | |
| 3. | Mathematics | | | | | | |
| 4. | Social Studies and Population Education | | | | | | |
| 5. | Science and Environment | | | | | | |
| 6. | Health and Physical Education | | | | | | |
| 7. | Moral Education | | | | | | |
| 8. | Occupation, Business and Technology Education | | | | | | |
| 9. | Local Subject:<br>i. | | | | | | |
| GRADE POINT AVERAGE (GPA): | | | | | | | |

1. One Credit Hour Equals 32 Clock Hours
2. TH: Theory, PR: Practical
3. Ab*: Absent
4. T*: Theory Grade Missing
5. P*: Practical Grade Missing

CHECKED BY:

DATE OF ISSUE:

Municipality Education Chief

प्रमाणिकरण: २०७७/१०/०२ गते

आज्ञाले

मूल्य रू. १०/-

राजेन्द्र कार्की

प्रमुख प्रशासकीय अधिकृत